# महाभारत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देविटार, काभ्रेपलाञ्चोक
स्था. २०७३

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८०/०८१

च. नं :-

मिति: २०८० फागुन ०९ गते
ने.सं. ११४४ सिल्लाथ्व, १३ बिहीबार

## आर्थिक तथा प्राविधिक प्रस्ताव आह्वान सम्वन्धि सूचना

यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ कार्यक्रम अनुसार गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको मोडलमा यस गा.पाको तोकएका वडामा ८० जना नयाँ लघु उद्यमी सिर्जना तथा ४० जना भैरहेका उद्यमीहरुको स्तरोन्नती कार्यक्रमका लागि यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र सार्वजनिक खरिद ऐन, नियम तथा गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ मा तोकिए बमोजिमको ढाँचामा उल्लेखित शर्तमा रहि यस कार्यालयमा आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । म्याद नाघि वा रितपुर्वक पेश नभएका प्रस्ताव माथि कुनै कार्वाही हुने छैन ।

**न्यूनतम् शर्त तथा आवश्यक कागजातहरु :**

१. अघिल्लो आ.व को लेखा परिक्षण प्रतिवेदन ।

२. मेड्‌प मेड्‌पा कार्यक्रम सम्वन्धि काम गरेको अनुभव ।

३. संस्था/प्रा.ली दर्ता प्रमाण पत्र ,आ.व २०७९/८० को नविकरण, कर चुक्ताको प्रमाण पत्र, समाज कल्याण परिषदको दर्ता तथा नविकरण ।

४.प्रस्तावित कार्यक्रमको वजेट नयाँ उद्यमी सिर्जनाको लागि मुल्य अभिवृद्धि कर सहित रु.१४३३३५०।- (चौध लाख तेतीस हजार तीन सय पचास) र स्तरोन्नती कार्यक्रमको मुल्य अभिवृद्धि कर सहित रु.४८००००।- (चार लाख असी हजार) हुनेछ ।

५.प्रस्तावदाताले उल्लेखित कार्यक्रम संचालन गर्न आफ्नो योग्यता,अनुभव,र क्षमता पुष्टी गर्ने विवरण सम्वन्धित संस्था/प्रा.ली ले प्रमाणित गरि साथै सम्वन्धित व्यक्तीले सहि गरेको जनशक्ति वायोडाटा शैक्षिक योग्यता,अनुभव,तालिमहरुको प्रमाण पत्रको प्रतिलिपिहरु संलग्न गर्नुपर्नेछ ।

६.प्राविधिक प्रस्ताव पेश गर्ने १६ औं दिनको दिउसो २:०० वजे प्रस्तावदाताको रोहवरमा खोलिनेछ यदि रोहवरको उपस्थित नभएमा प्रस्ताव खोल्न वाधा पर्ने छैन । सो दिन विदा पर्न गएमा कार्यालय खोलेको दिन खोलिनेछ ।

Url: mahabharatmun.gov.np Phone No: 9761785132 Email: mrmagsection@gmail.com

CamScanner

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेतिटार, काभ्रेपलाञ्चोक
स्थापना. २०७३
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८०/०८१

च. नं :-

७.मेड्पा कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव तयार गरि छुट्टा छुट्टै खाममा शिलवन्दि गरि पुनः खामबन्दि गरि पेश गर्नुपर्नेछ ।

८.प्राविधिक तथा आर्थिक प्रस्ताव स्विकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।

९.यस सुचनामा नखुलाईएका कुराहरु सार्वजनिक खरिद ऐन,नियम तथा गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

१०.पेश गरिएका सम्पुर्ण कागजात सम्वन्धित संस्थाले प्रमाणित गरि पेश गर्नुपर्नेछ ।

२०८०।११।१०

हरि सिंह विष्ट
प्रमुख प्रशासकीय अधिकृत

Url: mahabharatmun.gov.np
Phone No: 9761785132
Email: mrmagsection@gmail.com